# प्रदेश सभा

## गण्डकी प्रदेश

## दोश्रो अधिवेशन

## कार्यवाहीको सम्पूर्ण विवरण

## (आठौं बैठक)

## मिति : २०७५/०२/२७ गते, समय ०६ मिनेट २८ सेकेण्ड

प्रदेश सभाको दोश्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्रृजना शर्माको अध्यक्षतामा आईतबार दिनको ४:५६ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख :-**

माननीय सदस्यहरु, अब यो बैठकको कारबाही प्रारम्भ हुन्छ । बस्नुस माननीयज्यूहरु । बस्नुस माननीय सदस्यज्यूहरु । बस्नुस माननीय सदस्यज्यूहरु। माननीय सदस्य, अब माननीय सदस्य कृष्ण चन्द्र नेपाली पोखरेललाई बोल्ने समय दिन्छु ।

**माननीय कृष्ण चन्द्र नेपाली पोखेल :-**

सभामुख महोदय, ऐतिहासिक संयुक्त जनआन्दोलन बाट उपलब्धिका रुपमा हाम्रा सामने उपस्थित हाम्रा सामने वर्तमान नेपालको संविधान अन्तर्गत हामी संघिय कार्यान्वयनको सन्दर्भमा हामी उभिएका छौ । यस सन्दर्भमा प्रदेश नम्बर ४ मा आज दोश्रो अधिवेशनको सन्दर्भमा हामी उपस्थित भएका छौ । यसै बिचमा संविधानको धारा २९५ अन्तर्गत प्रदेश नम्बर ४ प्रदेश नियमावलि २०७४ को नियम १५२ बमोजिम २०७४।१२।१२ मा प्रदेश सभाको बैठकबाट ११ सदस्सिय राजधानी तथा नामाकरण समिति गठन भएको थियो । सभामुख महोदय, र यो प्रदेश नम्बर ४ को नामाकरण र राजधानीको सन्दर्भमा यो गठित समितिले एघारै जिल्लामा गएर विभिन्न मेथडका आधारमा जन ओपिनियन लिएर एउटा निचोडमा पुगेको थियो र त्यो ११ सदस्सिय समितिले तैयार गरेको जुन छ रिपोर्ट त्यो रिपोर्ट ७५।०२।०२ मा जेष्ठ सदस्य विन्दु

थापाजिले यसै सम्मानित प्रदेश सभामा पेश गर्नुभएको थियो । सभामुख महोदय, ०२।०२ मा ०२।२१ मा सभामुख महोदय, आज त्यो प्रस्ताव भन्दा पछि सरकार पक्षबाट अन्य विधेयकहरु पनि आएका छन् । त हामी चाहन्छौ कि त्यो प्रदेश नामाकरण राजधानी सम्बन्धि जुन प्रस्ताव छ यो सम्मानित प्रदेश सभामा स्वभाविक रुपमा छलफल गरियोस । सभामुख महोदय, यहाँ सत्ता पक्षबाट अब हामी के भन्न चाहन्छौ भने यसलाई प्रस्तावलाई छलफलमा नल्याउनुको पछाडी के छ थाहा छैन । त हामी के चाहन्छौ भने त्यो प्रदेशको एउटा सम्मानको लागी प्रदेश नियमावलि अनुसार र एउटा विधेयक स्वभाविक रुपमा जसरी छलफलमा आउँछ त्यसरीनै यो आवोस भन्ने हाम्रो माग छ । यसै सन्दर्भमा सम्मानित म यो प्रदेश सभामा एउटा कुरो के क्लियर गर्न चाहन्छु भने प्रदेश नामाकरण राजधानी सम्बन्धि जो प्रस्ताव छ त्यो छलफललाई र यो बजेटसंग नजोडियोस हामी हाम्रो दल बजेटका सन्दर्भमा भएको सब भन्दा फास्टेज प्रक्रियाबाट हामी अगाडी बढाउन तैयार छौ तर यो जुन प्रस्ताव छ यो प्रस्तावको हकमा हामी सम्मानित प्रदेश सभाको छलफलमा जाओस स्वभाविक रुपमा जाओस भनेर हामी अनुरोध गर्न चाहन्छौ । किनभने आज पुरा प्रदेश हेरिराखेको छ कि प्रदेशको नामाकरण आज धेरै कुराहरु रोकिएका छन्। न प्रदेश सभा सदस्यले लोगो पाउनु भएको छ । न प्याड छपाउने अवस्था छ र त्यति मत्रै हैन जुन जिम्मेवार दिएर जुन समिति गठन भाको छ उसलाई एक महिना टाइम दिएकोमा १० दिन फेरी ३० दिन गरेर ४० दिन दिएर जुन आको रिपोर्ट छ त्यो चाहिने गरियोस भन्ने म सम्मानित प्रदेश सभा समक्ष माननीय सभामुख समक्ष अनुरोध गर्न चाहन्छु र अन्त्यमा म के भन्न चाहन्छु भने यो यो विधेयक अथवा यो छलफल यो सभामा प्रस्तुत होस यदि त्यो भएन भने हाम्रो अवरोध कायम रहनेछ । सम्माननीय सभामुखलाई यही जानकारी गराउँन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख :-**

**माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री ( बस्नुस माननीयज्यूहरु, बस्नुस)**

**यो यो बैठक आधा घण्टा सम्मका लागी स्थगित हुन्छ ।**